# परिवर्तित सन्दर्भमा
# राष्ट्रिय सहकारी विकास बोर्डको भूमिका

**- अनिलराज पौडेल**

**पृष्ठभूमि**

नेपालको अन्तरिम संविधान, २०६३ मा सहकारीलाई अर्थतन्त्रको तीन खम्बा मध्ये एक उल्लेख गरिएको छ । समग्र सहकारी क्षेत्रको लागि नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्न सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारीको प्रवर्द्धन, विकास तथा विशेषज्ञ निकायको रुपमा काम गर्न राष्ट्रिय सहकारी विकास बोर्ड, सहकारी संघ संस्थाहरुको दर्ता, अनुगमन तथा खारेजीसम्बन्धी कार्यको लागि सहकारी विभाग र सहकारी आन्दोलनको छाता संगठनको रुपमा काम गर्न राष्ट्रिय सहकारी संघको गठन भएको छ । देशको हरेक क्षेत्रमा बढ्दै गइरहेको सहकारीको उपस्थिति र संघीय ढाँचामा मुलुक जाने तरखरमा रहेको अवस्थामा सहकारीका निकायहरुले सोही अनुरुपको भूमिकामा प्रस्तुत हुनुपर्ने हुन्छ । प्रस्तुत लेखमा सहकारीको केन्द्रीय निकायहरु मध्ये एक राष्ट्रिय सहकारी विकास बोर्डको भूमिकाको बारेमा उल्लेख गरिएको छ ।

**बोर्डको संक्षिप्त इतिहास**

वि.सं. २०१८ सालमा गैर कृषि क्षेत्रका सहकारी संस्थाहरु प्रवर्द्धन गर्ने उद्धेश्यले साझा केन्द्रको रुपमा स्थापना भएको थियो । यसले तात्कालीन अवस्थामा खासगरी साझा यातायात, साझा प्रकाशन, साझा भण्डार र साझा स्वास्थ्य सेवाको माउ संस्थाको रुपमा रहेर तिनीहरुको संचालन तथा विकास गर्ने प्रमुख उद्धेश्य रहेको देखिन्छ । हाल ती संस्थाहरु बोर्डको संचालनबाट स्वायत्त रहेता पनि चारवटै निकायहरुमा बोर्डको अधिकांश शेयर रकम रहेको छ अझ साझा भण्डार र साझा स्वास्थ्य सेवामा बोर्डको ५० प्रतिशतभन्दा बढी शेयर रकम रहेको पाइन्छ । २०४६ सालको जनआन्दोलन पछिको प्रजातान्त्रिक सरकारले २०४८ भाद्र १५ मा साझा केन्द्र विघटन गरी ११ सदस्यीय तदर्थ राष्ट्रिय सहकारी विकास बोर्ड गठन गर्‍यो । यसलाइ सहकारी आन्दोलनको नीतिगत आधार, संगठनको स्वरुप र ढाँचा, यसको परिचालन प्रणाली तथा सहकारी आन्दोलनको कार्यक्रम तयार गरी गाउँ स्तरदेखि राष्ट्रिय स्तरसम्मको संगठन खडा गर्न आवश्यक ऐन, नियम, विनियम र अन्य पूर्वाधारहरु तयार गर्ने र सहकारीसम्बन्धी स्थायी व्यवस्था नभएसम्म तात्कालीन साझा केन्द्रले गर्दै आएको सम्पूर्ण कार्यहरु गर्नुपर्ने साथै साझा केन्द्रीय कार्यालय तथा सो अन्तर्गत रहेको सम्पर्ण सम्पत्ति तथा दायित्व राष्ट्रिय सहकारी विकास बोर्डमा सार्ने जिम्मेवारी दिइएको थियो । बोर्डलाई दिइएको जिम्मेवारी अनुरुप निम्न कार्यहरु समयमै सम्पन्न गरेको थियो :

१. सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ को मस्यौदा तयार गरी सरकारमा पेश गरेको,
२. मुलुकभरका पुराना सहकारी संघ संस्थाहरुसंग कृषि विकास बैंकको ऋण तथा हर हिसाब छानविन गरी सरकारमा प्रतिवेदन पेश गरेको,
३. सरकारद्वारा लागु गरिएको सहकारी ऐन, २०४८ को आधारमा गाउँदेखि राष्ट्रिय स्तरसम्मको सहकारी संघ संस्थाहरुमा निर्वाचन गरी राष्ट्रिय सहकारी संघ गठन भएको,
४. सहकारी ऐन, २०४८ को मर्म र प्रावधान अनुसार सहकारी संघ संस्था संचालनका लागि विभिन्न किसिमका विनियम र आर्थिक तथा प्रशासन विनियमावली तयार गरिएको,
५. सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ को मर्म र प्रावधानबारे आम जनतालाई बोध गराउन सम्पूर्ण जिल्लाहरुलाई तालिम उपलब्ध गराइएको,
६. छुट्टै सहकारी बैंकको स्थापनाको लागि सरकारमा प्रस्ताव गरिएको, आदि ।

*- स्रोत: सहकारी विकासको ५० वर्षे ग्रन्थ*

बोर्डले माथि उल्लेखित कामहरु सफलतापुर्वक सम्पन्न गरिसकेपछि सहकारीका सरोकारवाला र सरकारले यसको आवश्यकता महशुस गरी बोर्डलाई स्थायीरुप दिन संसदद्धारा राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ जारी गरी २३ सदस्यीय बोर्ड गठन गरियो । सो ऐनमा सहकारी सिद्धान्त अनुरुप निम्न स्तरका जनताको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधासम्बन्धी नीति निर्माण तथा तत्सम्बन्धी योजना तर्जूमा गरी राष्ट्रिय स्तरमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरुको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना गरिएको भनिएको छ ।

**बोर्डको उद्देश्यहरु निम्नानसार रहेका छन**

क. सहकारीसम्बन्धी नीति निर्माण र कार्यान्वयनमा सरकारलाई सहयोग गर्ने ।
ख. सहकारीको अध्ययन अनुसन्धान गर्ने ।
ग. सरकार र सहकारी आन्दोलनबीच समन्वय गर्ने ।
घ. सहकारी विकासका लागि सहकारी विकास कोष मार्फत सहकारीका आयोजनाहरुमा लगानी गर्ने ।
च. सहकारीको प्रवर्द्धन र विकास गर्ने ।

**बोर्डका काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ**

(क) राष्ट्रिय स्तरमा सहकारिताको माध्यमबाट सहकारी संघ संस्थाहरुको प्रवर्द्धन एवं विकासको लागि आवश्यक नीतिहरु तर्जूमा गरी सो को कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने ।

(ख) सहकारी विकाससम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जूमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याउने र ती नीतिहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) सहकारी विकाससम्बन्धी आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।

(घ) सहकारी संघ संस्थाहरुलाई सुलभ तरिकाबाट ऋण वा अनुदान प्रदान गर्ने उद्देश्यले एक सहकारी विकास कोष खडा गरी सो कोषबाट सहकारी संघ-संस्थालाई विकासमूलक कार्य सञ्चालन गर्नको लागि आवश्यक पूँजी उपलब्ध गर्ने, गराउने ।

(ङ) सहकारी संघ संस्था वा सहकारी बैंकको शेयरमा लगानी गर्ने ।

(च) सहकारी संघ संस्थाहरुले स्वदेशी बैंक वा अन्य निकायबाट ऋण लिँदा वा ऋण पत्र जारी गर्दा बोर्डको सहयोग मागेमा आवश्यकतानुसार जमानत दिने ।

(छ) सहकारी संघ संस्थाहरुको विकाससंग सम्बन्धित कार्यक्रम सञ्चालनसम्बन्धी आवश्यक व्यवस्था मिलाउन तथा सहकारी संघ संस्थाहरुको प्रवर्द्धन तथा संरक्षण गर्न प्राविधिक सहयोग उपलव्ध गर्ने, गराउने ।

(ज) नेपाल सरकारका विभिन्न निकाय, सहकारी संघ संस्था तथा गैह्र सरकारी संस्थाहरुबीच सामन्जस्य स्थापना गरी त्यस्ता संस्थाहरुलाई व्यवसायमूलक कार्यक्रममा बढी प्रोत्साहित गराउन समन्वयात्मक सहयोग पुऱ्याउने ।

(झ) स्वदेशी तथा विदेशी लगानीकर्ता संघ संस्था कम्पनी तथा कर्पोरेशन र नेपाल सरकारसंग सहकारी क्षेत्रमा औद्योगिक विकासको लागि संयुक्त लगानी गर्न सम्झौता गराउने ।

(ञ) सहकारी विकाससम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**बोर्ड कार्यकारी समितिको गठन देहाय बमोजिम गरिएको छ**

| | | |
|---|---|---|
| (क) | सहकारी तथ गरिबी निवारण मन्त्री वा राज्यमन्त्री | -अध्यक्ष |
| (ख) | सरकारले तोकेको व्यक्ति | -सहअध्यक्ष |
| (ग) | अध्यक्ष, राष्ट्रिय सहकारी संघ | -सदस्य |
| (घ) | गभर्नर, नेपाल राष्ट्र बैंक | -सदस्य |
| (ङ) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (च) | सचिव, आपूर्ति मन्त्रालय | -सदस्य |
| (छ) | सचिव, उद्योग मन्त्रालय | -सदस्य |
| (ज) | सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | -सदस्य |
| (झ) | सचिव, संघीय मामला तथा स्थानीय विकास मन्त्रालय | -सदस्य |
| (छ) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | -सदस्य |
| (ट) | रजिष्ट्रार, सहकारी विभाग | -सदस्य |
| (ठ) | केन्द्रीय सहकारी संघका अध्यक्षहरुले आफू मध्येबाट निर्वाचिन गरेका दुई जना | -सदस्य |

(ड)	पाँच विकास क्षेत्रका सहकारी वा सामाजिक कार्यकर्ताहरु मध्येबाट सरकारद्वारा मनोनीत पाँच जना	-सदस्य

(ढ)	महिला सहकारी कार्यकर्ताहरुबाट एक जना	-सदस्य

(ण)	सम्बन्धित विषयका विशेषज्ञहरुबाट दुई जना	-सदस्य

(त)	महाप्रबन्धक, कृषि विकास बैंक	-सदस्य

(थ)	नेपाल सरकारले तोकेको व्यक्ति	-सदस्य-सचिव

(२)	उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिमका सदस्यहरु समितिको सिफारिशमा नेपाल सरकारले मनोनीत गर्नेछ।

(३)	उपदफा (१) को खण्ड (ठ), (ड), (ढ) र (ण) बोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(४)	नेपाल सरकारले समितिको कारण सहितको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरु हेरफेर गर्न सक्नेछ।

*- स्रोतः राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९*



**बोर्डद्वारा भएका प्रमुख कार्यहरू**

बोर्ड ऐनमा उल्लेख भएका सबै कार्यहरु सबै बोर्डले गर्न नसकेको यथार्थ हो तथापि बोर्डले केही कामहरु गरेको छ जसमध्ये सहकारिताको विकासमा सघाउ पुऱ्याउन सहकारी ऐन नियम तर्जुमा, नीति निर्माण, अध्ययन अनुसन्धान, नमूना सहकारी विकास कार्यक्रम, सहकारी विकास कोष मार्फत सहकारी संघ संस्थाहरुमा सुलभ ऋण तथा वित्तीय सहयोग, साझेदारी कार्यक्रम, प्रचार प्रसार, कार्यशाला/गोष्ठी/तालिम, समन्वय तथा सहजीकरण, सहकारी आन्दोलनलाई जग्गा प्रदान र परामर्श सेवालगायतका कार्यहरू गरी आएको छ। विगतमा बोर्डद्वारा सम्पादित प्रमुख कार्यहरू निम्नानुसार छन् :

**(क) नीति निर्माण**

- विभिन्न क्षेत्रहरूमा सञ्चालित गोष्ठीहरूका सुझावहरूलाई समेत संकलन गरी केन्द्रीयस्तरमा सम्बद्ध सरोकारवालाहरूसंगको सहभागितामा राष्ट्रिय सहकारी नीतिको तर्जुमा गरी नेपाल सरकार समक्ष पेश भइ सरकारबाट जारी समेत भइ सकेको ।
- सहकारी नीतिलाई कार्यान्वयन गर्ने क्रममा रणनीति योजना तर्जुमाको काम भइरहेको ।
- सरोकारवालाहरुबीच व्यापक छलफल गराई सहकारी ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गरि सकेको ।
- सहकारी संघ संस्था सञ्चालन निर्देशिका तयार गरिएको ।
- सहकारी बैंक ऐनको मस्यौदा तयार गरिएको ।
- बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, सुपरिवेक्षण, अनुगमन अवधारणा पत्र (२०५९) तयार गरिएको ।

**(ख) अध्ययन अनुसन्धान**

- पुराना सहकारी संस्थाहरूको अवस्था अध्ययन गरिएको ।
- काठमाडौं उपत्यकाका वित्तीय सहकारी संस्थाहरूको अवस्था अध्ययन गरिएको ।
- सहकारी शीत भण्डार, गोदाम घर निर्माण, तेल मिल, दुग्ध प्रशोधन, धान मिल, दाना उधोग आदि आयोजनाको सम्भाव्यता अध्ययन (सहकारी विकास कोषमार्फत लगानीका लागि) गरिएको ।
- महिला, दलित, जनजाति, पिछडिएका वर्ग तथा समुदायहरूलाई सहकारी मार्फत स्वरोजगार सिर्जना हुने खालका कार्यक्रम सञ्चालन गर्न आयोजना प्रस्ताव तयार गरिएको ।
- चन्द्रडांगी बीउबिजन तथा दुग्ध उत्पादक समिति (कृषि फार्म) शिवगन्ज, झापाको अवस्था अध्ययन गरिएको ।
- सहकारी मार्फत जडीबुटी व्यवसायको अध्ययन गरिएको ।
- कृषि उपजको व्यावसायीकरण र बजारीकरणसम्बन्धी अध्ययन गरिएको ।
- सहकारीमा सुशासनको अवस्था अध्ययन गरिएको ।

**(ग) वित्तीय सहयोग**

सहकारी विकास कोषमार्फत विभिन्न सहकारी संघ संस्थाहरूले सञ्चालन गर्ने शीत भण्डार, दुग्ध प्रशोधन, धान मिल, गोदाम निर्माण, तेल मिलजस्ता आयोजनामा न्यून ब्याज दरमा ऋण प्रदान गरिएको ।

- राष्ट्रिय सहकारी संघ, केन्द्रीय सहकारी संघ र राष्ट्रिय सहकारी बैंक र नेपालको पहिलो सहकारी बखान सहकारी संस्थाको भौतिक पूर्वाधारका लागि वित्तीय अनुदान प्रदान गरिएको ।
- सहकारी संघ संस्था तथा सहकारी बैंकमा सेयर लगानी गरिएको ।
- धूलो दूध कारखाना स्थापनाको लागि केन्द्रीय दुग्ध सहकारी संघ लि. लाई वित्तीय सहयोग गरिएको ।
- नमूना सहकारी विकास कार्यक्रम अन्तर्गत संस्थाहरु छनौट गरी ती संस्थाहरुमा तालिम तथा भौतिक पूर्वाधारको लागि वित्तीय सहयोग प्रदान गरिएको ।

**(घ) प्रचार प्रसार**

- कृषि विकास मन्त्रालयको कृषि सूचना केन्द्रसंग समन्वय गरी रेडियो नेपालबाट पाक्षिक रूपमा सहकारी रेडियो कार्यक्रम प्रसारण भइरहेको ।
- साप्ताहिक टेलिभिजन (सहकारी दर्पण) कार्यक्रम संचालन भइरहेको ।
- सहकारी संवाद (द्वैमासिक तथा वार्षिक अंक) प्रकाशन भइरहेको ।
- सहकारी दिग्दर्शन लगायत सहकारी सम्बन्धी विविध पाठ्य सामग्रीहरूको प्रकाशन गरिएको ।
- सहकारीसम्बन्धी वृत्तचित्र निर्माण तथा प्रसारण गरिएको ।

**(ङ) कार्यशाला/गोष्ठी/तालिम**

- सहकारीको नीति निर्माण, विज्ञ, सरकारी, गैरसरकारी तथा सहकारीका विभिन्न निकायका प्रतिनिधिहरूको सहभागितामा समय समयमा सहकारीसम्बन्धी विविध विषयहरूमा क्षेत्रीय र राष्ट्रिय स्तरका गोष्ठी सञ्चालन गरिएको ।
- सहकारीका सञ्चालक, सदस्य र कर्मचारीका लागि तालिम, कार्यशाला सञ्चालन गरिएको ।
- सहकारी संघ संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धिका लागि संघ संस्थाहरू सहितको सहभागितामा साझेदारीमा कार्यक्रम सञ्चालन गरिएको ।

**(च) समन्वयात्मक तथा सहजीकरण**

- २०५४ देखि ०५७ सालसम्म नवलपरासी एकीकृत सहकारी विकास आयोजना सञ्चालन गरिएको ।
- चितवनको भरतपुरमा तरकारी तथा फलफूल बजार संचालनका लागि भवन निर्माण गरिएको ।
- विश्व खाद्य तथा कृषि संगठनको सहयोगमा कृषि सहकारी संस्थाहरूको क्षमता अभिवृद्धिका लागि प्राविधिक सहकार्य आयोजना सम्पन्न गरिएको ।

- सहकारीसम्बन्धी कार्यक्रम तर्जुमा गर्दा राष्ट्रिय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक र विषयगत केन्द्रीय सहकारी संघहरू समेतको सहभागिता जुटाइएको ।
- सहकारी समन्वय सञ्जालमा बोर्डको सहभागिता र योगदान गरिएको ।
- हिमाल, पहाड र तराईका जिल्लाहरू क्रमशः रसुवा, जाजरकोट र महोत्तरीका सम्भाव्य एक एक सहकारी संस्थाहरूको छनोट गरी नमुना सहकारी विकास कार्यक्रमको कार्यात्मक अनुसन्धान मार्फत युवा स्वरोजगार, महिला सशक्तिकरण र कृषिको व्यवसायीकरणका लागि कार्य प्रारम्भ गरिएको ।
- महोत्तरी जिल्ला स्थित गौशालालाई सहकारिताको माध्यमबाट सञ्चालन गर्न भौतिक निर्माणका कार्यहरू भइरहेको ।

**(छ) सहकारी आन्दोलनलाई जग्गा प्रदान**

- राष्ट्रिय सहकारी संघलाई कार्यालय भवन निर्माणका लागि बोर्डको कार्यालय रहेको पुल्चोक, ललितपुरमा एक रोपनी जग्गा प्रदान गरिएकोमा भवन निर्माणकार्य सम्पन्न भइ संघको कार्यालय सन्चालन भइरहेको ।

**(ज) परामर्श सेवा**

- सहकारी सम्बन्धी विविध परामर्श सेवाहरू प्रदान गरिएको ।

*- स्रोतः सहकारी सम्वाद द्वैमासिक एवं विभिन्न वार्षिक अंकहरु*

**सहकारी क्षेत्रमा बोर्डको बढ्दो भूमिका**

सहकारी संघ संस्थाहरुको वृद्धि उत्साहजनक किसिमले भएको छ त्यसरी नै गुणात्मक विकास हुन सकेको छैन । सहकारी क्षेत्रमा भइरहेको विस्तार तथा विविधिकरणलाई नतिजा उन्मुख तुल्याउन सहकारिताको विकासलाई गतिशील एवं परिणाममुखी दिशातर्फ उन्मुख गराउनु आजको प्रमुख आवश्यकता हो । सहकारी क्षेत्रलाई व्यवस्थित एवं मर्यादित साथै उत्पादनशील तुल्याउन सकेमा मुलुकको अर्थतन्त्रमा यस क्षेत्रको अग्रणी भूमिका स्थापित हुन सक्नेछ। यसका लागि सरोकारवाला सबैबाट सक्रियताको खांचो छ। यस परिप्रेक्ष्यमा नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहयोगीको रूपमा बोर्डले अग्रगामी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। विशेष गरेर सहकारी क्षेत्रको प्रवर्द्धनतर्फ बोर्डको क्रियाशीलता बढाउनुपर्ने आवश्यकता छ। राष्ट्रिय सहकारी विकास बोर्ड ऐनले तोकेको उद्देश्य र कार्य क्षेत्रको परिधिभित्र रहेर सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि बोर्डले निम्न विषयहरूमा क्रियाशील हुनुपर्ने देखिन्छ ।

- सहकारी क्षेत्रको विकासका लागि विज्ञ समूह (Think Tank) को रूपमा सघाउ पुर्‍याउने,
- बोर्ड ऐन, विनियम र संरचनामा समयानुकुल हुनेगरी सुधार गर्नुपर्ने
- सहकारीका नयाँ विषयगत क्षेत्रहरूको पहिचान गरी सहकारी क्षेत्रको दायरा विस्तार एवं विविधिकरण गर्ने,
- सरकार र सहकारी आन्दोलनकोबीचमा समन्वयका लागि पुलको काम गर्ने,

- सहकारी सम्बद्ध संघ संस्था तथा निकायहरूकोबीचमा बृहत् क्षेत्र सञ्जालीकरण (Wide Area Networking) को विकास गर्ने,
- बृहत् आर्थिक सामाजिक सन्दर्भमा सहकारी सम्बद्ध नीतिगत मामिलाहरू (Policy Issues) को पहिचान गर्ने र आवश्यकता अनुसारका नीतिहरूको तर्जुमा गर्ने,
- सहकारी सम्बद्ध विषयहरूमा अध्ययन अनुसन्धान तथा विश्लेषणका प्राथमिकताहरू पहिल्याउने,
- सहकारिता प्रवर्द्धनका लागि पहिचान गरिएका विषयहरूमा अनुसन्धान तथा विश्लेषण गर्ने,
- सहकारी क्षेत्रको उत्पादन तथा सेवाहरूको प्रवाहमा मूल्य शृङ्खला प्रवर्द्धन (Value Chain Promotion) का सम्भावनाहरू पहिल्याई सोको उपयोग गर्न राष्ट्रिय स्तरमा सम्बद्ध राष्ट्रिय/केन्द्रीय संघहरूसंग सहकार्य गर्ने,
- सहकारिता सबैलाई सरोकारको विषय (Cross Cutting Issue) को रूपमा अवलम्बन गर्नमा उत्प्रेरित गर्ने,
- सहकारितालाई क्षेत्रगत मन्त्रालयहरूको नीति, योजना तथा कार्यक्रममा समावेश गराउनेतर्फ सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय मार्फत पहल गर्ने,
- सहकारी क्षेत्रको विकास तथा विस्तारका लागि कार्य योजनासहित प्रमुख सरोकारवालाहरू
- बाह्य विकास साझेदारहरू (Foreign Development Partners) समेतको सहभागिता जुटाउने,
- सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि सम्बद्ध अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंगको सहयोग तथा सम्बन्ध विस्तार गर्ने,
- सहकारी क्षेत्रको विकासका लागि आवश्यक अनुसन्धान तथा विश्लेषणका लागि सरकार, दातृ निकाय, निजी क्षेत्र र नागरिक समाजको सहयोग जुटाउने,
- सहकारी सम्बद्ध विषयहरूमा अनुसन्धान तथा विकासका नतिजाहरू तथा प्रतिवेदनहरूबारे सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय योजना आयोग र राष्ट्रिय तथा केन्द्रीस्तरका सहकारी संघहरूलाई जानकारी उपलब्ध गराउने,
- अनुसन्धान तथा विकासबाट देखिन आएका नतिजा तथा निष्कर्षहरू र प्रेषित सुझावहरूलाई कार्यान्वयनमा उतार्न कार्यान्वयन योजना बनाई मन्त्रालय तथा सम्बद्ध निकायहरूलाई जानकारी गराउने,
- सहकारी संघ संस्थाहरूको व्यवसाय प्रवर्द्धन तथा भौतिक पूर्वाधार निर्माणका लागि सहकारी विकास कोष मार्फत अनुदान तथा सहुलियतपूर्ण ऋण सहयोग उपलब्ध गराउने, (राष्ट्रिय सहकारी नीतिमा समेत उल्लेख भएको)
- सहकारी क्षेत्रलाई व्यावसायिकता एवं उद्यमसीलतातर्फ उन्मुख तुल्याउन सम्भाव्य आयमूलक क्रियाकलापहरूको विस्तार गर्न आवश्यक पूँजीको लागि राष्ट्रिय सहकारी बैंकसँग समन्वय गर्ने,

- अझै पनि धेरै जनता सहकारीमा सहभागि भइनसकेको विद्यमान स्थितिमा सहकारी आन्दोलनलाई राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न पत्रिका प्रकाशनका साथै रेडियो (एफएम समेत) र टेलिभिजनबाट विशेष कार्यक्रमहरू प्रचार प्रसार गर्ने,
- सहकारीसम्बन्धी ज्ञान तथा सीपको विस्तार गर्न सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को आधारमा अभिमुखीकरण, अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रमहरूलाई सम्बद्ध निकायहरूको सहभागितामा विस्तार गर्ने,
- सहकारी क्षेत्रको प्रवर्द्धन तथा विकास सम्बन्धमा भएका बहुपक्षीय प्रयासहरूलाई संयोजन तथा सहजीकरण गर्ने र सोको चौमासिक प्रतिवेदन तयार गरी सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराउने,
- सहकारी क्षेत्रको समष्टिगत क्रियाकलापहरूको तथ्याङ्क आधार तयार गरी सोको आवधिक रूपमा अद्यावधिक गर्ने,
- सहकारी तथा गरिबी निवारण मन्त्रालयको मार्ग निर्देशन भित्र रही सहकारी क्षेत्रको दीर्घकालीन योजना तर्जुमा गर्ने,
- सहकारी क्षेत्रमा दक्ष एवं योग्य मानव संसाधनको उपलब्धतालाई सुनिश्चित गर्न सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयोजनमा सहकारी क्षेत्र मानव संसाधन रणनीतिक योजना (Cooperative Sector Human Resource Strategic Plan) तयार गर्न सहकारी क्षेत्रमा मानव संसाधनको दीर्घकालीन आवश्यकता प्रक्षेपण गर्ने,
- सहकारीको विकास तथा प्रवर्द्धनका लागि पैरवी एवं परामर्श सेवाहरू प्रदान गर्ने,
- सहकारिताको प्रवर्द्धन र विकासका लागि आवश्यकता अनुसार अन्य प्रवर्द्धनात्मक कार्यहरू सञ्चालन गर्ने ।
- मुलुक अहिले संघीय ढांचामा रुपान्तरित हुने क्रममा रहेको हुँदा बोर्डलाई सोहि अनुरुप संगठनात्मक स्वरुपमा लानु पर्ने
- सहकारीको दायरा र महत्व दिन दिनै बढ्दै गएको हुँदा शिक्षा मन्त्रालय र त्रिभुवन विश्वविद्यालयसंग समन्वय गरी सहकारी शिक्षालाई विद्यालय तहदेखि विश्व विद्यालय तहसम्मको पाठ्यक्रममा समावेश गर्न विशेष पहल गर्ने,
- सहकारीको प्रवर्द्धन र विकासका लागि नेपाल सरकारबाट प्रवाह हुने सम्पूर्ण रकम बोर्ड मार्फत हुने व्यवस्था गर्ने ।
- सहकारी क्षेत्रसंग सम्बन्धित जल्दा बल्दा विषय तथा मुद्धाहरु (Issue) बोर्ड बैठकमा राखी छलफल गर्नुपर्ने व्यवस्था गर्ने ।
- स्टाफ कलेजबाट निजामति कर्मचारीहरुलाइ दिइने तालिममा सहकारी विषयलाई संलग्न गर्ने ।

माथि उल्लेख भएका कार्यहरू केवल राष्ट्रिय सहकारी विकास बोर्डको एक्लो प्रयासले मात्र सम्पादन गर्न सम्भव नभई अधिकांश कार्यहरू सरकारी तथा अन्य निकायहरूसंग प्रत्यक्ष एवं परोक्ष रूपमा सम्बन्धित रहेका छन। यस परिप्रेक्ष्यमा राष्ट्रिय सहकारी विकास बोर्डले आफ्नो काम कारबाहीमा सम्बद्ध निकायहरूसंगको अन्तरसम्बन्धनलाई विशेष ख्याल राख्नुपर्ने हुन्छ। राष्ट्रिय सहकारी विकास बोर्डको संस्थागत एवं कार्यगत अन्तरसम्बन्धनलाई निम्न चित्रद्वारा प्रस्ट्याउन सकिनेछ। प्रस्तुत चित्रले सहकारी क्षेत्रको विकासमा सरोकार राख्ने विभिन्न संस्थाहरूबीचको अन्तर सम्बन्धनलाई प्रस्ट्याउंदछ।




**बोर्डको सबल पक्षहरु**

१. बोर्ड ऐनद्धारा उच्चस्तरीय निकायको रुपमा स्थापित
२. माननीय मन्त्रीको अध्यक्षतामा नेपाल राष्ट्र वैंकका गभर्नर, नेपाल सरकारका सचिवहरु, सहकारी विभागका रजिष्ट्रार, योजना आयोगका प्रतिनिधि, राष्ट्रिय सहकारी संघका अध्यक्ष सहित सहकारी अभियानका प्रतिनिधिहरु, पाँच विकास क्षेत्रका प्रतिनिधिहरु, महिला कार्यकर्ता, सहकारी विशेषज्ञ र कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत रहेको कार्यकारी समिति रहेको
३. सहकारीसम्बन्धी छलफल र विद्यमान समस्या समाधान गर्ने महत्वपूर्ण स्थल
४. सहकारी अभियान र सहकारी विज्ञहरुको समेत सहभागिता
५. सहकारीसम्बन्धी विभिन्न अध्ययन अनुसन्धान कार्यको जिम्मेवारी
६. सरकार र सहकारी अभियानबीच समन्वय गर्ने पुलको रुपमा रहेको
७. सहकारी विकास कोष मार्फत सहकारी संघ संस्थाहरुको व्यावसायिक विकास तथा भौतिक पूर्वाधारमा सुलभ ऋण लगानी भएबाट संस्थाहरुको क्षमता विकासको लागि सहयोग पुग्न गएको
८. बोर्डको आन्तरिक श्रोत परिचालन गरी कार्यक्रमहरु संचालन गर्ने गरेको
९. जग्गा भवन लगायत प्रशस्त भौतिक सम्पत्ति रहेको
१०. बोर्डमा कार्यरत कर्मचारीहरुको अन्यत्र सरुवा नहुने र काम गरेको अनुभव र विज्ञता त्यहिं प्रयोग हुने हुँदा सहकारी क्षेत्रलाई फाइदा पुग्ने

११. सहकारीसंग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय निकायहरु ICA, NEDAC, CICTAB र APRACA को सदस्य रहेको ।

**बोर्डको कमजोर पक्ष तथा चनौतिहरु**

१. नेपाल सरकारबाट बोर्डलाई प्राप्त बजेट अपर्याप्त हुनु
२. बोर्डका विद्यमान स्रोत साधनको समुचित परिचालन हुन नसक्नु
३. सरकारको स्थायित्व नहुनु
४. सहकारीका राष्ट्रिय तथा केन्द्रीय निकायहरुबीच पर्याप्त समन्वयको अभाव
५. सहकारीको प्रवर्द्धन र विकासका कार्यक्रमहरु अपेक्षाकृत रुपमा सञ्चालन गर्न नसक्नु ।
६. विषय विज्ञ र दक्ष जनशक्तिको अभावमा सहकारीसम्बन्धी अध्ययन अनुसन्धान, प्रस्ताव निर्माण, योजना तर्जूमाजस्ता कार्यमा कठिनाई ।
७. सहकारी विकास कोषमा पर्याप्त रकम अभावका कारण सहकारी संघ संस्थाहरुको व्यावसायिक विकास तथा भौतिक पूर्वाधारहरु निर्माणका लागि सहुलियतपूर्ण ऋण र अनुदान प्रदान गर्न नसक्नु
८. जुन प्रयोजनको लागि बोर्डमा विभिन्न निकायहरुबाट उच्चस्तरीय प्रतिनिधित्व गरिएको छ सोही अनुरुप ती निकायबाट अपेक्षित लाभ लिन नसक्नु
९. बोर्डले गरेका कामहरुको पर्याप्त मात्रामा प्रचार प्रसार हुन नसक्नु
१०. बोर्डको कुनै शाखा नरहेको र जनतासँग सिधा सम्पर्क नरहने हुँदा धेरैजसो जनताहरु बोर्डबारे अनभिज्ञ रहनु ।

**विश्वमा सहकारी**

सहकारिताको शुरुवात आदिम कालदेखि भए तापनि विधिवत सहकारीको शुरुवात युरोपबाट शुरु भएको थियो । जुनबेला युरोपमा औद्योगिक क्रान्ति शुरु भइसकेको थियो र औद्योगिक क्रान्तिको प्रभावले कुशल कामदारहरुलाई गरिबीतर्फ धकेलिरहेको र बेरोजगारी बढन थालेको पृष्ठभूमिमा सहकारिताको आवश्यकता देखिन गएको थियो । यसबाट पाठ सिक्दै रोचडेलीहरुले प्रख्यात सिद्धान्तको निर्माण गरे जसलाई सहकारी सिद्धान्त भनिन्छ । सहकारी प्रणाली अपनाउने संसारका सबैले सहकारीका सातवटा सिद्धान्तलाई अनिवार्य रुपमा पालना गर्नुपर्दछ । संयुक्त राष्ट्र संघको साधारण सभाले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षको रुपमा मनाइ Cooperative Enerprises Build a Better World नारा तय गरेको थियो साथै सन् २०१२ देखि सन् २०२२ सम्म सहकारी शताब्दि वर्ष मनाउने निर्णय गरेबाट यसको महत्व थाहा पाउन सकिन्छ । सहकारी कुनै एक वाद वा सिद्धान्तको मात्र नभएकोले धेरै देशहरुमा यसको विकास र विस्तार हुन सम्भव भएको हो । विश्वका अति विकसित देशहरु अमेरिका, जापान, बेलायत, जर्मनीदेखि द्रुतगतिमा विकासतर्फ अगाडि बढेका देशहरु चीन, भारत, मलेशिया, ब्राजिल आदि देशहरुमा सहकारीको योगदान महत्वपूर्ण रहेको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघ ICA को ९३ देशका २८३ वटा संस्था सदस्य रहेका र यसले विश्वका १ अरबभन्दा बढी जनताको प्रतिनिधित्व गर्दछ । ICA ले दिएको तथ्यांक अनुसार विश्वका ३०० ठूला सहकारीको

कारोवार २.२ ट्रिलियन अमेरिकी डलर रहेको छ जुन ब्राजिलको कूल ग्राहस्थ उत्पादन बराबर छ । सहकारीले विश्वका २५० मिलियन जनतालाई प्रत्यक्ष रोजगारी दिएको छ ।

**अन्य देशमा बोर्ड प्रकृतिका निकायहरु**

विभिन्न देशहरुमा सहकारीको अनुगमन, प्रवर्द्धन र विकास गर्न राज्यले उच्चस्तरीय स्वायत्त एवं संगठित संस्थाहरु खडा गरेको पाइन्छ । धेरैजसो देशहरुले सहकारीलाई हेर्ने छुट्टै सहकारी मन्त्रालय, सहकारी विभाग, बोर्ड र प्राधिकरण जस्ता निकायहरु खडा गरेका छन । उदाहरणको लागि कृषि क्षेत्रको सहकारीहरुलाई प्रवर्द्धन गर्न सन् १९६३ मा राष्ट्रिय सहकारी विकास संस्थान ऐन, १९६२ बमोजिम भारतमा राष्ट्रिय सहकारी विकास निगमको स्थापना भएको थियो । यसको उद्देश्य उत्पादन, प्रशोधन, बजारव्यवस्था, भण्डारण, कृषि उपजहरुको आयात एवं निर्यात, खाध पदार्थ एवं अन्य सुचिकृत उपजहरुका लागि योजना तर्जुमा एवं कार्यक्रमहरुको प्रवर्द्धन गर्नका साथै सहकारी सिद्धान्त अनुरुप स-साना स्तरमा वन पैदावारको संकलन, प्रशोधन, बजार व्यवस्था, भण्डारण र निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउनु रहेको छ । कृषि मन्त्रीको अध्यक्षता रहने गरी ५१ सदस्यीय जनरल काउन्सिल रहेको छ भने कृषि सचिवको अध्यक्षता रहने गरी १२ सदस्यीय व्यवस्थापन बोर्ड रहेको छ । यसका देशभर १८ वटा क्षेत्रिय निर्देशनालयहरु रहेका छन । यसले सहकारी संघ संस्थाहरुको प्रवर्द्धन तथा विकास गर्ने कामको अलावा सहकारी संघ संस्थाहरुलाई विभिन्न कामको लागि ऋण तथा अनुदान दिने गर्दछ । NCDC ले वर्षै पिच्छे उत्कृट सहकारी संघ संस्था र सहकारीकर्मीलाई NCDC राष्ट्रपति पुरस्कार प्रदान गर्छ र यसले Topic Training Centre, गुडगाउं मार्फत सहकारी तालिम संचालन गर्नुका साथै अन्तर्राष्ट्रिय दाता निकायहरु मार्फत सहकारीसम्बन्धी विभिन्न परियोजनाहरु संचालन गरेको छ । थाइल्याण्डमा सहकारीको सुपरिवेक्षण एवं प्रवर्द्धन गर्न उच्चस्तरीय राष्ट्रिय सहकारी विकास बोर्डको गठन गरिएको छ । यस बोर्डले सहकारीसम्बन्धी नीति निर्माण गर्नुका साथै सम्बन्धित निकायहरुलाई सहकारी विकास सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । फिलिपिन्समा सन् १९७० को शुरुमा सहकारी संघ संस्थाहरुको स्थापना, सुपरिवेक्षण र सहयोगका लागि वाणिज्य तथा उद्योग विभाग अन्तर्गत रहने गरी सहकारी प्रशासन कार्यालयको स्थापना गरियो । पछि यो निकायलाई खारेज गरी सहकारी विकास प्राधिकरण (Cooperative Development Authority) को स्थापना गरियो । यसले सहकारीको दर्ता, अनुगमनदेखि सहकारी विकासका लागि आवश्यक पर्ने सम्पूर्ण कामहरु गरिआएको छ । अन्य देशहरुमा यस्ता अनगिन्ति उदाहरणहरु छन ।

**अन्त्यमा,**

राष्ट्रिय सहकारी विकास बोर्ड गठन गर्ने समयमा भारतको राष्ट्रिय सहकारी विकास निगम (NCDC) समेत अध्ययन गरेर सोही प्रकृतिको निकाय परिकल्पना गरेर बोर्ड स्थापना गरिएको थियो । बोर्ड गठन भएको २ शताब्दिभन्दा बढी भइसकेको छ । यस अवधिमा बोर्डले गरेको भूमिकाको समीक्षा गर्दे अबका दिनमा कसरी सहकारी क्षेत्रको लागि बढीभन्दा बढी उपयोगी बनाउन सकिन्छ भन्ने विषयमा बहस गर्नुपर्ने आवश्यकता देखिएको छ । हुनत सहकारी क्षेत्रलाई गतिशील बनाउन समय समयमा विभिन्न आयोग, कार्यदल र समितिहरु गठन भइ तिनीहरुको प्रतिवेदनमा सहकारीका अन्य

निकायहरुका अलावा राष्ट्रिय सहकारी विकास बोर्डको भूमिकाको सम्बन्धमा विभिन्न प्रकारका सुझावहरु आएका थिए । कुनै प्रतिवेदनमा बोर्डलाई अन्य निकायमा समायोजन गर्नुपर्छ भन्ने थियो भने कुनै प्रतिवेदनमा बोर्ड एक विज्ञ निकाय भएको हुँदा मन्त्री अध्यक्षताको सट्टा राष्ट्रिय योजना आयोगको उपाध्यक्षले बोर्डको अध्यक्षता गर्नुपर्छ भन्ने थियो । प्राय: सबै प्रतिवेदनहरुमा बोर्ड राजनीतिबाट मुक्त सहकारीको Think Tank को रुपमा रहनु पर्छ भन्ने रहेको पाइन्छ । तसर्थ बोर्डको विद्यमान सहकारी ऐन, विनियम र संगठनात्मक संरचनामा समयानुकुल हुने गरी परिमार्जन गर्न आवश्यक देखिएको छ । सहकारी क्षेत्रलाई राज्यले अर्थतन्त्रको तीन खम्बा मध्ये एक मानेको र ३३ हजारभन्दा बढी सहकारीहरु स्थापना भइसकेको सन्दर्भमा तिनीहरुको विकास र प्रवर्द्धन गर्न तथा सरकार र सहकारी आन्दोलनकोबीच पुलको काम गर्न उच्चस्तरीय निकायको रुपमा क्रियाशील रहने गरी बोर्डको आवश्यकता झन बढ्ने देखिएको छ ।